नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

## आन्तरिक राजस्व विभागबाट मिति २०८०।०४।०१ मा जारी भएको सूचनाको बुँदा नं. २ मा गरिएको थप व्यवस्था सम्बन्धमा ।

यस विभागबाट मिति २०८०।०४।०१ मा जारी भएको सूचनाको बुँदा नं २ मा "हवाई यातायात सेवा प्रदायकले मूल्य अभिवृद्धि करमा दर्ताको लागि दरखास्त दिनु पर्नेछ । विदेशी हवाई यातायात सेवा प्रदायकले सम्बन्धित निकायबाट जारी भएको सञ्चालन अनुमति पत्रको प्रतिलिपि समेत संलग्न गर्नु पर्नेछ ।" भनी सूचना जारी गरिएकोमा सो सूचनाको बुँदा नं २ मा "नेपालमा दर्ता नभएका, नेपालमा तथा नेपालबाट सोझै उडान अनुमति पनि नलिएका विदेशी हवाई सेवा प्रदायकहरुको हकमा विदेशी हवाई सेवा प्रदायक वासिन्दा रहेको मुलुकमा लिएको कम्पनी दर्ता र कर दर्ता प्रमाणपत्रको अंग्रेजी भाषामा नोटरी गरेको प्रमाणित प्रतिलिपी पेश गर्ने व्यवस्था" थप गरिएकोले सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।